# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मितिः २०८२।१२।३० गते ।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

जिल्ला दैलेख, गुराँस गाउँपालिकास्थित कर्णाली नदी र लोहरेखोला क्षेत्र, तल्लो डुङ्गेश्वरबाट गिट्टी, बालुवा, ढुङ्गा र ग्राभेल उत्खनन्, सङ्कलन तथा बिक्री वितरणको ठेक्का सम्झौता गर्दा बैंक ग्यारेण्टी नलिई सम्झौता गरेर राजस्व हिनामिना गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा गुराँस गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत दिपक कुमार आचार्य र आर.के. कन्स्ट्रक्सनका सञ्चालक सुवास कार्कीको मिलेमतोमा आर्थिक वर्ष ०७८/०७९ मा ठेक्का नं. GRM/01/078/079 अन्तर्गत कर्णाली नदी र लोहरे खोला क्षेत्र तल्लो डुङ्गेश्वरबाट ३०,००० घ.मि. परीमाणको गिट्टी, बालुवा, ढुंगा र ग्रावेल उत्खनन्, संकलन तथा बिक्री वितरणको लागि न्युनतम ठेक्का रकम रू.१६,६०,०००/—(सोह्र लाख साठ्ठी हजार रूपैयाँ) कायम गरी मिति २०७८/०५/०३ मा दरभाउपत्र सूचना आव्हान गरेकोमा दर्ता भएका दरभाउ पत्रहरुमध्ये आर.के. कन्स्ट्रक्सन, वीरेन्द्रनगर-१०, सुर्खेतले सबैभन्दा बढी रु.३०,५०,०००/- कबोल गरेको र निजले पेश गरेको दरभाउपत्र सारभूतरुपमा प्रभावग्राही देखिएको भनी उक्त कन्स्ट्रक्सनले पेश गरेको दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना मिति २०७८।०५।३१ मा प्रकाशन गरी गाउँपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत दिपक कुमार आचार्य र आर.के. कन्स्ट्रक्सनका सञ्चालक सुवास कार्कीबीच मिति २०७८/०६/१३ मा सम्झौता भएको र सम्झौता बमोजिम कवोल गरेको रकम र नेपाल सरकारलाई नियमानुसार बुझाउनु पर्ने मूल्य अभिवृद्धि कर १३ प्रतिशतसमेत जम्मा रू.३४,४६,५००/— दाखिला गर्नुपर्नेमा सो नगरी नगराई सम्झौताको शर्तमा किस्ता किस्तामा ठेक्का कवोल गरेको रकम दाखिला गर्दा हुने शर्त राखी बैंक जमानत रकमसमेत नलिई सम्झौता गरी केवल रू.१२,०२,०००/— मात्र कार्यालयमा दाखिला गरे गराई जम्मा बिगो रकम रू.२२,४४,५००/—(बाइस लाख चौवालीस हजार पाँच सय रूपैयाँ) हालसम्म पनि नियमानुसार दाखिला नगरी नगराई गुराँस गाउँपालिका र नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको पुष्टि भएकोले उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरू उपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | गुराँस गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत **दिपक कुमार आचार्य** | रू.२२,४४,५००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. बाइस लाख चौवालीस हजार पाँच सय रूपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |

| | | | |
|---|---|---|---|
| २. | **आर.के. कन्स्ट्रक्सन, सुर्खेत** तथा उक्त कम्पनीकाका सञ्चालक **सुवास कार्की** | रू.२२,४४,५००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य प्रकृतिको गैरकानुनी लाभ लिने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा बिगो रू. बाइस लाख चौवालीस हजार पाँच सय रूपैयाँ कायम गरी मुख्य कसुरदारहरूलाई सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याशबमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने